आज मिति २०७९ भाद्र १५ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री धनमाया सुनार | का.वा. वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र लङ्को | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

# ७२ औं कार्यपालिका बैठक (२०७९।०५।१५)

**एजेण्डा:**

१, औषधी उपचार खर्च सम्बन्धमा

२. भूमि समस्या सम्बन्धी सहजीकरण समिति गठन र बजेट सम्बन्धमा

३. गत आ.व को पूराना योजना रकम भूक्तानी सम्बन्धमा

४. नदीजन्य तथा खानीजन्य एवं कवाडीको कर संकलनको न्यूनतम मुल्यको पुनरावलोकन सम्बन्धमा

५. अपाङ्ग मानव अधिकार मञ्चको प्राविधिक सहयोगमा विदुर नगरपालिकाले तयार गरेको समावेशी शिक्षा योजना २०७८ पारित गर्ने सम्बन्धमा

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८ पारित गर्ने सम्बन्धमा

७. जग्गाको वर्गीकरण सम्बन्धमा

८. विविध

(क) वडाबाट सिफारिस गर्दा कर चुक्ता सम्बन्धमा

(ख) बजेट सम्बन्धमा

(ग) घरभाडा कर तथा बैंक खाता सम्बन्धमा

(घ) म्याद थप गर्ने सम्बन्धमा

**समिक्षा : ७१ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :**

नगर कार्यपालिकाको ७१ औं वैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णयहरु:**

**निर्णय नं. १ : औषधी उपचार खर्च सम्बन्धमा :**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस विदुर नगरपालिका अन्तर्गत विभिन्न वडामा रहेको दिर्घरोगीहरु मध्ये आर्थिक अवस्था कमजोर भएका गरिब, असाह्य, वृद्ध, वृद्धा र कुनै पनि निकायवाट सरकारी सुविधा नलिएका विरामीलाई पहिचान गरि वर्षमा १ पटकमा रु.१०,०००।- ( अक्षरुपी रु. दश हजार मात्र) नबढ्ने गरि नगर प्रमुखबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २ : भुमि समस्या सम्बन्धी सहजीकरण समिति गठन र बजेट सम्बन्धमा :**

प्रस्ताव नं. २ उपर छलफल गर्दा

(क) भुमि सम्वन्धी समस्या समाधान आयोगको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि २०७८ को दफा ४ (१) अनुसार सहजीकरण समिति गठनको बुँदा (ग) (घ) र (ङ) मा व्यवस्था भए बमोजिम तपशिलका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

➤ वुँदा (ग) : सम्वन्धित स्थानीय तहमा क्रियासिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि सदस्य

१) ने.क.पा. एमाले : श्री

२) नेपाली काङ्ग्रेस : श्री

३) ने.क.पा. माओवादी केन्द्र : श्री

४ ने.क.पा. एकीकृत समाजवादी (ए.स.) : श्री

➤ वुँदा (घ) : कार्यपालिका सदस्यहरु मध्येबाट एक दलित/अल्पसंख्यक र महिला सहित दुई जना सदस्य

१) कार्यपालिका सदस्य : श्री दिपक कुमाल

२) कार्यपालिका सदस्य : श्री राधिका तामाङ

➤ वुँदा (ङ) : संयोजकले मनोनयन गरेको भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संस्था, संगठन र नागरिक समाजका प्रतिनिधि र कम्तीमा १ महिला सहित ३ जना सदस्य

१) श्री

२) श्री

३) श्री

(ख) भूमिहिन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थीत वसोवासीले आयोगले उपलब्ध गराएको विभिन्न किसिमका अनुसूची भरी वडा कार्यालयमा पेश गरेको र त्यसको डाटा इन्ट्री लगायत कार्य गर्नलाई जनशक्तिको आवश्यक पर्ने भएकोले २ जना कम्प्यूटर अपरेटरको व्यवस्थापन नगरपालिकाले गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३ : गत आ.व को पुराना योजना रकम भुक्तानी सम्बन्धमा :</u>

प्रस्ताव नं. ३ उपर छलफल गर्दा आ.व. ०७९/०८० मा परिमार्जन गरेको वजेटबाट आ.व. ०७८/०७९ मा काम सम्पन्न भई यस आ.व. मा दायित्व भुक्तानी गर्नुपर्ने पुराना योजनाहरुको भुक्तानी गर्दा हाललाई कुनै पनि रकम भुक्तानी नै नभएका योजनाहरुको हकमा २५ प्रतिशत रकम भुक्तानी गर्ने साथै रकमको उपलब्धता अनुसार अन्य योजनाहरुको पनि क्रमागत रुपमा रकम भुक्तानी गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४ : नदीजन्य तथा खानीजन्य एवं कवाडीको कर संकलनको न्युनतम मुल्यको पुनरावलोकन सम्बन्धमा :</u>

प्रस्ताव नं. ४ उपर छलफल गर्दा राजश्व परामर्श समितिबाट नदीजन्य, खानीजन्य एवं कवाडीको कर संकलनमा न्यूनतम मुल्यमा पुनरावलोकनको लागि सिफारिस भै आएको तपशिलमा उल्लेखित निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल :

➤ विदुर नगरपालिका क्षेत्र भित्र रहेका इट्टा, काठ, दाउरा, ब्लक, माटो, बालुवा, ग्राभेल, सिमेन्ट, टायल, ह्युम पाईप, स्लेट, चुनढुंगा, कवाडी आदि वस्तुहरुको संकलन तथा निकाशीका लागि मु.अ.क. बाहेक रु. ७ करोड ८५ लाख न्यूनतम अंक कायम गरि मिति २०७९।०३।०२ मा प्रथम पटक विद्युतीय बोलपत्र पर्न आह्वान गरिएको र मिति

२०७९।०४।०३ दोस्रो पटक पुनः सूचना प्रकाशन प्रकाशित हुँदा समेत निर्धारित मिति सम्ममा कुनै पनि बोपलत्रदाताबाट बोलपत्र पर्न नआएकोले साबिकको न्यूनतम अंकमा २० प्रतिशतले कम गरि न्यूनतम अंक कायम गरि पुनः तेस्रो पटक विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ पारित गर्ने सम्बन्धमा :**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : अपाङ्ग मानव अधिकार मञ्चको प्राविधिक सहयोगमा विदुर नगरपालिकाले तयार गरेको समावेशी शिक्षा योजना २०७९ पारित गर्ने सम्बन्धमा :**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा अपाङ्ग मानव अधिकार मञ्चको प्राविधिक सहयोगमा विदुर नगरपालिकाले तयार गरेको समावेशी शिक्षा योजना २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : जग्गाको वर्गीकरण सम्बन्धमा :**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा नेपाल सरकारले भू-उपयोग नियमावली २०७९ जारी गरि कार्यान्वयनमा ल्याएको र उक्त नियमावलीले भू-उपयोग क्षेत्रलाई विभिन्न किसिमको वर्गीकरण गरे तापनि यस नगरपालिकाले वडा नं. १ देखि वडा नं. १३ सम्मका सबै किसिमका जग्गालाई कृषी र गैर कृषी गरि जम्मा दुई क्षेत्रमा मात्र वर्गीकरण गरि वडाबाट ७ दिन भित्र पेश गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ८ : विविध :**

**(क)** यस नगरपालिका अन्तर्गत सबै वडामा राजश्व संकलनमा कमि आएको कारण विभिन्न योजना सम्झौतामा कठीनाई भएको कारण विकास निर्माण कार्यमा असहज भएकोले राजश्व संकलनमा कडाई गर्नको साथै कुनै पनि सिफारिस गर्दा कर तिरे नतिरेको जानकारी लिने र नतिरेको भए सेवाग्राहीलाई कर तिर्न अनुरोध गरि राजश्व संकलनमा कडाई गर्न वडा कार्यालयलाई कार्यालय मार्फत निर्देशन दिने निर्णय गरियो ।

**(ख)** आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम मिति २०७९ असाढ २५ गतेको दोस्रो नगरसभाको पहिलो अधिवेशनबाट पारित भईसकेको छ । बजेट पारित गरिएतापनि विदुर नगरपालिकाको आ.व. २०७८।७९ मा काम सम्पन्न भएका योजनाहरु, खरिद कार्यक्रमहरु, तलब भत्ता र अन्य खर्चहरुको दायित्व रहन गएको र सो दायित्व वापतको समेत यसै आ.व. मा भुक्तानी गर्नुपर्ने कुरा बजेट निर्माणका बखत छुट्न गएको साथै आ.व. २०७८।७९ मा बचत भएको रकमको आय अनुमान तर्फ बैंक मौज्दात वा नगद मौज्दात समेत रु.३,०९,००,०००।- (तीन करोड नौ लाख रुपैंया) समावेश नभएकोले विदुर नगरपालिकाको राजश्व परामर्श समितिबाट सिफारिस गराई साथै श्रोत अनुमान समितिबाट समेत योजनाहरुको लागि श्रोतको विनियोजन गराई परिमार्जित वजेटलाई सभाबाट पारित गर्नुपर्ने कानूनी मान्यता रहेतापनि हाललाई तुरुन्त

सभा बस्न नसक्ने भएकोले विदुर नगरपालिका नगर कार्यपालिकाले निर्णय गरि हाललाई आन्तरिक श्रोतको आयतर्फ रु.९००००००० (नौ करोड रुपैंया) र व्याय तर्फ त्यती नै रकम वृद्धि गरी कार्यपालिकाबाट हाललाई पारित गरि यथासिघ्र सभा बसाली आउँदो सभाबाट उक्त परिमार्जित बजेट अनुमोदन गर्ने निर्णय गरियो । पुराना योजनाहरुको लागि एउटै शिर्षकमा रकम राखी रकम विनियोजन गर्ने तथा प्रशासकीय भवनलाई समेत रु. २,००,००,०००।- (दुई करोड रुपैंया) छुट्याने निर्णय गरियो ।

(ग) घरभाडा कर उठाउने सन्दर्भमा सेवाग्राहीले वडा वा नगरपालिकामा कर नतिरेको हकमा कर तिर्नको लागि ग्लोबल आइ.एम.ई बैंक, त्रिशुली शाखामा खाता खोल्ने र करदाता सेवा कार्यालय गल्छीलाई जानकारी दिने निर्णय गरियो ।

(घ) विदुर नगरपालिका वडा नं. ४ अन्तर्गत बट्टार पुरानो बजार स्थित सम्पदा शहर निर्माण तथा भवन संरक्षण उपभोक्ता समितिको २०८० असाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित